# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, फागुन १७ गते, २०७३ साल (अतिरिक्ताङ्क २०क

## भाग ५

## निर्वाचन आयोगको

### सूचना–१

### निर्वाचन आचार संहिता (दोस्रो संशोधन), २०७३

प्रस्तावना : निर्वाचन आचार संहिता, २०७२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचार संहिताको नाम "निर्वाचन आचार संहिता (दोस्रो संशोधन), २०७३" रहेको छ ।

(२) यो आचार संहिता तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्वाचन आचार संहिता, २०७२ को परिभाषामा संशोधन : निर्वाचन आचार संहिता, २०७२ (यसपछि "मूल आचार संहिता" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) मा रहेका "तह, विश्वविद्यालय र सामुदायिक विद्यालयमा अध्यापन गराउने" भन्ने शब्दहरुको सट्टा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तहका कर्मचारी सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालय र सामुदायिक विद्यालयका" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ञ) मा रहेको "सम्झनु पर्छ ।" भन्ने शब्दहरुको सट्टा "सम्झनु पर्छ र सो शब्दले धारा २६९ बमोजिम दर्ता भएका राजनीतिक दललाई समेत जनाउँछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल आचार संहिताको दफा ३ मा संशोधन : मूल आचार संहिताको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. आचार संहिता लागू हुने : (१) यो आचार संहिता देहायका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,
(ख) प्रदेश सरकार र स्थानीय निकाय वा तह,
(ग) प्रदेश सरकार र स्थानीय निकाय वा तहका कर्मचारी,
(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,
(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,
(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,
(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,
(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,
(झ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,
(ञ) सार्वजनिक पद धारण गरेको व्यक्ति,
(ट) पर्यवेक्षक,
(ठ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,
(ड) निजी तथा गैरसरकारी संस्था,
(ढ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगले उपदफा (१) बमोजिमका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई अलग अलग मितिदेखि यो आचार संहिता लागू हुने गरी तोक्न सक्नेछ ।"

४. मूल आचार संहिताको परिच्छेद-५ मा संशोधन : मूल आचार संहिताको परिच्छेद-५ को शीर्षकमा रहेको "गैरसरकारी संस्था" भन्ने शब्दहरुको सट्टा "निजी तथा गैरसरकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

५. मूल आचार संहिताको दफा १५ मा संशोधन : मूल आचार संहिताको दफा १५ को ठाउँ-ठाउँमा रहेका "गैरसरकारी संस्था" भन्ने शब्दहरुको सट्टा "निजी तथा गैरसरकारी संस्था" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल आचार संहिताको दफा १७ मा संशोधन : मूल आचार संहिताको दफा १७ मा रहेका "निर्वाचन आयोग ऐन, २०६३ को दफा २९ बमोजिमको" भन्ने शब्दहरूको सट्टा "निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिमको" भन्ने शब्दहरू राखिएका छन् ।

७. मूल आचार संहिताको दफा १८ मा संशोधन : मूल आचार संहिताको दफा १८ मा रहेका "निर्वाचन आयोग ऐन, २०६३" भन्ने शब्दहरूको सट्टा "निर्वाचन आयोग ऐन, २०७३" भन्ने शब्दहरू राखिएका छन् ।

## सूचना-२

निर्वाचन आयोगले संवत् २०७४ साल वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नु पर्ने आचरणलाई व्यवस्थित गर्न मिति २०७३।११।१७ मा देहाय बमोजिमको आचार संहिता स्वीकृत गरेकोले सम्बन्धित सबैको जानकारीको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## स्थानीय तह निर्वाचन आचार संहिता, २०७३

प्रस्तावना : स्थानीय तहको निर्वाचनलाई स्वच्छ र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी सरोकारवालासँग परामर्श गरी निर्वाचन आयोगले यो आचार संहिता बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आचार संहिताको नाम "स्थानीय तह निर्वाचन आचार संहिता, २०७३" रहेको छ ।

(२) यो आचार संहिता आयोगले तोकेको निकायलाई तोकेको अवधिभर लागू हुनेछ ।

२ परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ ।

(ग) "पर्यवेक्षक" भन्नाले निर्वाचनको समयमा पर्यवेक्षण गर्न आयोगबाट अनुमति प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) "राजनीतिक दल" भन्नाले नेपालको संविधानको धारा २७१ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले धारा २६९ को उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दललाई समेत जनाउँछ ।

(च) "सम्बन्धित व्यक्ति" भन्नाले उम्मेदवार वा राजनीतिक दलको तर्फबाट निर्वाचन प्रचार प्रसारमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले उम्मेदवारको निर्वाचन प्रतिनिधि वा राजनीतिक दल वा सोको भातृ सङ्गठनको सदस्य वा कार्यकर्तालाई समेत जनाउँछ ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

३. आचार संहिता लागू हुने : (१) यो आचार संहिता देहायका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) स्थानीय निकाय वा तह,

(ग) स्थानीय निकाय वा तहका कर्मचारी,

(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग तथा त्यस्तो निकायमा कार्यरत सुरक्षाकर्मी,

(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,

(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(झ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ञ) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ट) पर्यवेक्षक,

(ठ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ड) निजी तथा गैरसरकारी संस्था,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ढ) नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी,

(ण) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।

(२) आयोगले उपदफा (१) बमोजिमका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई अलग अलग मितिदेखि यो आचार संहिता लागू हुने गरी तोक्न सक्नेछ ।

४. निर्वाचनमा सवारी साधन प्रयोग गर्दा पालना गर्नु पर्ने आचरण : निर्वाचनमा सवारी साधन प्रयोग गर्दा देहायको आचार संहिता पालना गर्नु पर्नेछ :-

(क) महानगरपालिकाका प्रमुख र उपप्रमुखका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा दुईवटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल तथा वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र एउटा मोटर साइकल प्रयोग गर्न सक्ने,

(ख) उपमहानगरपालिका र नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि बढीमा एउटा चारपाङ्ग्रे हलुका सवारी साधन र दुईवटा मोटर साइकल प्रयोग गर्न सक्ने,

तर त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा दुईवटा घोडा प्रयोग गर्न सक्ने ।

(ग) एउटा उम्मेदवारको नाममा स्वीकृत वा प्रयोग भएको सवारी साधन अन्य उम्मेदवारले प्रयोग गर्न वा गराउन नहुने ।

५. अनुगमन संयन्त्र : (१) आयोगले यो आचार संहिता कार्यान्वयनका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम अनुगमन संयन्त्र निर्माण गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिने अनुगमन संयन्त्र सम्बन्धी अन्य व्यवस्था निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७३ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. कारबाही र सजाय : कसैले यस आचार संहिताको उल्लङ्घन गरेमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम कारबाही र सजाय हुनेछ ।

७. निर्वाचन आचार संहिता, २०७२ लागू हुने : यस आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र उल्लेख नभएका कुरामा निर्वाचन आचार संहिता, २०७२ मा व्यवस्था भए बमोजिम हुनेछ ।

## सूचना-३

निर्वाचन आयोगले संवत् २०७४ साल वैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आचार संहिता, २०७२ र स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ देहाय मितिदेखि लागू गर्ने गरी मिति २०७३।११।१७ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१. मिति २०७३।११।१८ देखि देहाय बमोजिम व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारको मन्त्री,

(ख) स्थानीय निकाय वा तह,

(ग) स्थानीय निकाय वा तहका कर्मचारी,

(घ) सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,

(ङ) सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,

(च) नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग तथा त्यस्तो निकायमा कार्यरत सुरक्षाकर्मी,

(छ) निर्वाचनको काममा संलग्न कर्मचारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(झ) सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,

(ञ) निजी तथा गैरसरकारी संस्था,

(ट) सार्वजनिक पद धारण गरेको व्यक्ति ।

२. उम्मेदवार तथा सम्बन्धित व्यक्तिको हकमा मनोनयन दर्ता हुने मिति २०७४।०१।१६ देखि लागू हुनेछ ।

आज्ञाले,
गोपीनाथ मैनाली
सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाडौं, फागुन २४ गते, २०७३ साल (अतिरिक्ताङ्क २२

## भाग ३

### निर्वाचन आयोगको सूचना

**स्थानीय तह निर्वाचन नियमावली, २०७३**

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन नियमावली, २०७३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ।

(ख) "गाउँपालिका" भन्नाले संविधानको धारा ५६ को उपधारा (४) बमोजिमको गाउँपालिका सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।